# तपाईंको बाइबललाई कसरी जान्ने

के तपाईं बाइबल खोलेपछि तपाईंले के पढ्दैहुनुहुन्छ भनी नबुझेर अलमल्ल पर्नुभएको छ?

खम्बाहरू पाठ्यक्रममा हामी यो बुझ्छौं कि सेवकाइमा र सेवकाइमा नेतृत्व गर्ने कार्यमा परमेश्वरको वचनले तपाईंको नेतृत्वमा धेरै महत्त्वपूर्ण भूमिका खेल्दछ। यसैले बाइबललाई कसरी बुझ्नुपर्छ भन्ने कुरा जान्नु साँच्चै महत्त्वपूर्ण हुन्छ। यो कक्षामा हामी बाइबललाई बुझ्ने एउटा तरिकाको बारेमा चर्चा गर्न चाहन्छौं।

परमेश्वरले उहाँको सिर्जनाशीलतामा धर्मशास्त्र बाइबल साहित्यका विभिन्न शैली, विभिन्न साहित्यिक ढाँचाहरू प्रयोग गर्दै लेख्ने निर्णय गर्नुभयो। यसैले बाइबलमा हामी कथाहरू, व्यवस्था (नियम) हरू, अगमवाणीहरू, बुद्धिले भरिएका कविताहरू, व्यावहारिक निर्देशनहरू दिने पत्रहरू, उखान/दृष्टान्तहरू पाउँछौं, बाइबलमा यी सबै विभिन्न साहित्यिक शैलीहरू छन्। त्यसैले जब तपाईं बाइबल पढ्नुहुन्छ त्यस बेला तपाईंले कस्तो शैलीको साहित्य पढ्दै हुनुहुन्छ र त्यसलाई राम्ररी बुझ्न सहायता पाउने केही मुख्य कुराहरू के–के हुन् भनी जान्नु जरूरी हुन्छ। यो कक्षाको मुख्य बुँदा यही नै हो। हामी साहित्यका विभिन्न शैलीहरू हेर्नेछौं अनि यदि तपाईंलाई त्यो शैली के हो भनेर थाहा भयो भने तपाईंले जे पढ़िरहनुभएको छ त्यो कसरी बुझ्न सक्नुहुनेछ भन्ने कुरा हेर्नेछौं। पहिले हामी कथाको बारेमा कुरा गरौं, किनकि बाइबल धर्मशास्त्रभरि कथाहरू छन्। ती कथाहरू पढ्दा तपाईंले ती कथाहरू परमेश्वरका हुन् र ती कथाहरूको उद्देश्य परमेश्वरले काम गर्दै हुनुहुन्छ भनी देखाउनु हो भनी बुझ्नुपर्छ। ती सबै कथाहरूका नायक (मुख्य पात्र) परमेश्वर नै हुनुहुन्छ भनी बुझ्नु जरूरी छ। धेरै पटक हामीले विशेष गरी पुरानो करारका कथाहरू पढ्दा दाऊद वा अरू कसैलाई त्यो कथाको नायक बनाउँछौं। अनि एक प्रकारले त्यो पनि ठिकै हो, तर यो बुझ्नुहोस्, कि जब तपाईं कुनै कथा पढ़िरहनुभएको हुन्छ, तब परमेश्वर को हुनुहुन्छ र उहाँले के गर्देहुनुहुन्छ भनी बुझ्नलाई चुन्नुभएको कथा पढ़िरहनुभएको हुन्छ। पुरानो करारका धेरैवटा कथाहरू नयाँ करार सँगसँगै पढ्नुपर्छ, किनकि पुराना कथाहरूले नयाँ करारको सत्यताका उदाहरण दिन्छन्। तिनले ती कुराहरू कार्यमा देखाउँछन्। जब तपाईं ती कथाहरू पढ्नुहुन्छ तब त्यसमा सबै कुरा असल नभएका थाहा पाउनुहुन्छ। परमेश्वरले उहाँको बुद्धिमा उहाँका ती अनुयायीहरूका कथा दिनुहुन्छ जसले साँच्चै खराब काम गरेका थिए। तापनि परमेश्वर को हुनुहुन्छ भनी हामीले जान्न सकौं भनेर ती कथाहरू त्यहाँ राखिएका छन्। ती सबै कथाहरूले येशूलाई देखाउँछन्। यो पनि आवश्यक छ कि कथाहरू पढ्नुहुँदा तपाईंले ती कथाहरूमा अलौकिक कुराहरू देखेर त्यसलाई अस्वीकार गर्नुहुँदैन, किनकि परमेश्वर आफै पनि अलौकिक (ईश्वरीय) हुनुहुन्छ। तपाईंले "यस्तो पनि हुन्छ र" भन्दै कुनै कथालाई अस्वीकार गर्नुहुन्छ भने त सायद तपाईंले येशूको पुनरुत्थानको घटनालाई पनि अस्वीकार गर्नुपर्छ।

बाइबलमा कथाहरू छन्, तर ती परमेश्वरका कथा हुन्। परमेश्वरलाई नायक मानेर तपाईं ती कथाहरू पढ्नुहोस्, अनि पुरानो करारमा ती तपाईं नयाँ करारका सत्यताहरूको उदाहरणको रूपमा पढ्नुहुन्छ, यसरी तपाईं नयाँ करारका सत्यताहरू साँच्चै बुझ्न सक्नुहुन्छ।

त्यहाँ दोस्रो साहित्यिक शैली छ जुन बुझ्न गाह्रो हुन्छ, त्योचाहिं व्यवस्थाको पुस्तक हो।

यो पुरानो करारमा छ। यो बाइबलको प्रथम पाँच वटा पुस्तक हुन्।

यो बुझ्न कठिन छ, किनकि यो हजारौं वर्ष अघिदेखि नै सांस्कृतिक रूपले विशेष किसिमको छ। पुरानो करारमा ६१३ वटा व्यवस्थाका नियमहरू छन्, जुन तीन वर्गमा बाँड़िएका छन्। त्यहाँ नैतिक नियमहरू छन्, जसले कस्तो व्यवहार गर्नुपर्छ भनी बताउँछ। त्यहाँ नागरिक नियमहरू छन्, जसले एक समाजको रूपमा कसरी काम गर्नुपर्छ भन्ने कुराहरू बताउँछ। त्यहाँ धार्मिक नियमहरू छन् जसले कुन–कुन धार्मिक नियमहरू पालन गर्नुपर्छ भनी बताउँछ। यसैले यी व्यवस्थाहरू पढ्दा त्यो कुन व्यवस्था हो भनी जान्नु उपयोगी हुन्छ। पुरानो करारका व्यवस्थाहरू पढ्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण कुराहरू तल दिइन्छ।

कुन व्यवस्था संस्कृतिसित सम्बन्धित छ र कुन व्यवस्था संस्कृतिदेखि बाहिरको हो भनी भिन्नता छुट्ट्याउनुहोस्। उदाहरणका निम्ति, दश आज्ञा कुनै पनि समयको कुनै पनि संस्कृतिमा लागू हुन सक्छ। तिनको स्थान संस्कृतिभन्दा माथि छन्। तिमीले हत्या नगर्नू। तपाईं जहिले र जहाँ जिउनु भए पनि यो आज्ञा उस्तै रहन्छ। यो संस्कृतिलाई पार गर्ने व्यवस्था हो। तर त्यहाँ संस्कृतिमा लागू हुने व्यवस्था पनि छ। प्रस्थानको पुस्तकमा "बाख्राको मासु त्यसको माउको दुधमा उमालेर नपकाउनू" भन्ने व्यवस्था छ। त्यो ठाउँको निम्ति यो व्यवस्था विशेष थियो। जब तपाईंहँरूसँग यस प्रकारका नियमहरू हुन्छन्, तब त्यो व्यवस्थाको पछि रहेको सिद्धान्त (शिक्षा) के भनी बुझ्नुपर्छ।

परमेश्वरले किन यस्तो व्यवस्था बनाउन पर्‍यो? त्यो व्यवस्था आफै हामीमा लागू हुँदैन, तर त्यसमा एउटा सिद्धन्त (शिक्षा) छ। धेरै पटक तपाईं त्यस्तो सिद्धान्तको सम्बन्ध परमेश्वरको दण्डसित जोड़िएको पाउनुहुनेछ।

उदाहरणका लागि, अन्यजातिहरू भोजन पकाउँछन् अनि तिनीहरूका मूर्तिपूजक धर्मका देवी–देवताहरूलाई रीतिअनुसार चढ़ाएर विशेष तरिकाले भोजन पकाउँछन्। यसैले परमेश्वर भन्नुहुन्छ, "तिमीहरूले त्यस्तो प्रकारले भोजन पकाउनुहुँदैन।" यदि तपाईंले परमेश्वरको चरित्र (गुण) मा केन्द्रित सिद्धान्तहरू बुझ्नुभयो भने तपाईं त्यसको अध्ययन गर्नुहोस्। धेरै पटक सांस्कृतिक व्यवस्था (नियम) हरू र ती पछि रहेका सिद्धान्तहरू बुझ्नलाई अरू पुस्तक–पुस्तिकाहरू प्राप्त गर्नु पनि राम्रो हुन्छ। तर

तपाईंले भिन्नता छुट्ट्याउने निश्चय गर्नुहोस्, किनकि तपाईंले कुन व्यवस्था (नियम) लागू गर्ने र कुन नगर्ने भनी चुन्न र छान्न सक्नुहुन्छ।

ती सबै व्यवस्था लागू हुन्छन्, तीमध्ये कुनै–कुनै अति व्यावहारिक रूपमा लागू हुन्छन्, किनकि ती संस्कृतिदेखि बाहिरका (अर्को संस्कृतिका) हुन्छन्।

तीमध्ये केही तिनीहरूका पछि रहेका सिद्धान्तको कारण लागू हुँदैनन्, किनकि ती विशेष रूपले संस्कृतिसित सम्बन्धित हुन्छन्।

कुनै–कुनै व्यवस्थाले भन्छ, "एकअर्कालाई अभिवादन गर्दा, पवित्र चुम्बनले एकले अर्कोलाई चुम्बन गर।" त्यो संस्कृतिसित सम्बन्धित व्यवस्था (नियम) हो। यसैले कुनै संगी ख्रीष्टियनसँग भेट हुँदा म उनीहरूलाई चुम्बन गर्दिनँ। तर एकले अर्कोलाई प्रेम, वास्ता र आनन्दसाथ अभिवादन गर्नुपर्छ भनी म बुझ्दछु। भिन्नता त्यही नै हो। अब हामी कविताको विषयमा कुरा गरौँ, किनकि बाइबल कविताहरूले भरिएको छ। कविता एउटा अलंकारिक भाषा हो, जहाँ तपाईं आफैलाई परमेश्वरकहाँ व्यक्ति गर्नुहुन्छ। उदाहरणका निम्ति, भजनसंग्रहको पुस्तक बाइबलमा सबैभन्दा स्पष्ट, कवितात्मक पुस्तक हो, तैपनि अरू पुस्तकहरूका केही खण्डहरूमा पनि कविताहरू छन्।

कविता पढ्दा बुझ्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने, कविताहरू भावनात्मक हुन्छन्।

यसैले तपाईं त्यसलाई जस्ताको त्यस्तै लिन सक्नुहुन्न। यो सत्य हो, तर अलंकारिक भाषामा हुन्छ। उदाहरणका निम्ति, भजनसंग्रहको एउटा भजनले भन्छ, "मानिसहरू ओठ (मुख) बाट तरवार निकाल्छन्।" यसको अर्थ तिनीहरूले साँच्चिकै तरवार निकाल्छन् भन्ने होइन। यो भावनात्मक (अलंकारिक) भाषा हो, जसले झुटो कुरा बोल्ने र त्यसद्वारा हुने क्षतिलाई बुझाउँछ। धर्मशास्त्र बाइबलमा अति नै गहन कवितात्मक पुस्तकहरू भजनसंग्रह र श्रेष्ठगीतका पुस्तकहरू हुन्।

भजनसंग्रहमा १५० वटा भजन छन्, तीमध्ये कतिवटा विलाप गरिएको भजन छन्। ती दुःख र शोकको विषयमा छन्। त्यहाँ प्रशंसाका भजनहरू छन्। त्यहाँ बुद्धिका भजनहरू छन्। त्यहाँ मुक्तिसम्बन्धी भजनहरू छन्। भजनहरू एक पटकमा एउटा गर्दै पढ्नका निम्ति हुन्। त्यसैले जब तपाईं कुनै एउटा भजन पढ्नुहुन्छ, तब भन्नुहोस्, "ठीक छ, परमेश्वरका आत्माद्वारा प्रेरित भएर कुनै व्यक्तिले, दाऊदले आफैलाई परमेश्वरकहाँ प्रकट गर्दैछन्।"

ती भजनहरू तपाईंलाई सहायता गर्नका निम्ति हुन्।

जीवनमा कहिलेकहीं हामी आफैलाई परमेश्वरकहाँ प्रकट गर्न धेरै गाह्रो पर्दछ।

हामी भजनसंग्रह प्रयोग गर्दछौं।

यो त मैले मेरो हृदयका कुराहरू परमेश्वरलाई भन्नका निम्ति उहाँले मलाई शब्दहरू दिन त्यस लेखकलाई आत्माद्वारा प्रेरित गर्नुभए जस्तो हो। अनि हामी श्रेष्ठगीत पाउँछौँ, जुन एक राजकुमार र एउटी महिला बीचको प्रेम कथाको नाटक हो, त्योचाहिँ इस्राएली जातिप्रति भएको परमेश्वरको प्रेम र हामीप्रति भएको येशूको प्रेमको प्रतीक हो। तपाईं यसलाई कवितात्मक प्रेम कथाको रूपमा पढ्नुहुन्छ, जसले परमेश्वरको हृदय झल्काउँछ।

यो कविता सुन्दर र उदेकको छ। म खुशी छु, परमेश्वरले यसलाई पवित्र बाइबलमा राख्नुभयो, किनकि यसले मलाई परमेश्वरसँग बातचित गर्न शब्दहरू दिन्छ, जुन शब्दहरू म अरू कुनै प्रकारले प्राप्त गर्न सक्नेथिइनँ। त्यसपछि तपाईं बुद्धिका पुस्तकहरू पाउनुहुन्छ।

बुद्धिका पुस्तकहरू धेरै भिन्न किसिमका छन्। यी पुस्तकहरू – हितोपदेश, उपदेशक र अय्यूबका पुस्तकहरू हुन्। बुद्धिका पुस्तकहरू जीवनको आन्तरिक ज्ञानमा केन्द्रित छन्। हामी यी प्रत्येक पुस्तकको विषयमा छलफल गरौं। हितोपदेशको पुस्तक तपाईं एक पटकमा एउटा उखान गर्दै पढ्नुहुन्छ, पूरै अध्याय नै पढ्नुपर्दैन। ती उखानहरू छोटाछोटा र कण्ठ गर्न सकिने छन्। तिनीहरूले एउटा यस्तो सत्यता दिन्छ जुन जीवनका निम्ति अति नै व्यावहारिक हुन्छ। हितोपदेशको पुस्तक तपाईं यसरी नै पढ्नु र व्याख्या गर्नुहुन्छ। उपदेशकको पुस्तक त्यस व्यक्तिद्वारा लेखिएको थियो जसले जीवनमा अर्थ खोजिरहेको थियो। तपाईंले सम्पूर्ण पुस्तक पढ्नुभएपछि त्यसका लेखकलाई उसको खोजले आखिरमा परमेश्वरले मात्र जीवनलाई अर्थपूर्ण बनाउनुहुन्छ भन्ने निष्कर्षमा पुऱ्याएको थाहा पाउनुहुन्छ। धेरै जना मानिसहरू यो पुस्तक सोलोमनले आफ्ना विपुल धन–सम्पत्ति र धेरै पत्नीहरूद्वारा अर्थ खोजिरहेका बेला यो लेखे भन्ने सोच्छन्। तर यो परमेश्वरको भूमिका र परमेश्वरविना हाम्रो जीवनको कुनै अर्थ छैन भनी हामीलाई बुद्धि दिन धर्मशास्त्र बाइबलमा राखियो। त्यसपछि हामी अय्यूबको पुस्तक पाउँछौँ, जुन विशेष प्रकारको छ, कहिलेकहीं त यो बुझ्न गाह्रो पर्छ, किनकि तिनको जीवनमा यस्तो कठिनाइ थियो, जसलाई तिनले बुझ्नै सकेका थिएनन्। परमेश्वरको भक्तको रूपमा तिनी सोच्थे, यदि मैले परमेश्वरको आज्ञापालन गरेँ भने मेरो जीवन सुखी हुनेछ। तिनका मित्रहरू तिनीकहाँ आए र भने, "पश्चात्ताप गर्नुहोस्। निश्चय केही गलत गर्नुभएको छ। त्यसैले तपाईंको जीवन सुखी छैन।" तर तिनीहरूका करा सत्य होइन भनी अय्यूबले जान्दथे।

अय्यूबको पुस्तक एउटा वार्तालाप हो, पहिले अय्यूब र तिनका मित्रहरू बीच त्यसपछि अय्यूब परमेश्वरसँग बोलेका छन् अनि परमेश्वर अय्यूबसँग बोल्नुभएको छ। यो भाषण (भनाइ, कथन) हरूको शृङ्खला हो जसले मानिसको बुद्धि र परमेश्वरको बुद्धिको तुलना गर्दछ। एउटा सबैभन्दा महत्त्वपूर्ण भनाइ छ, जुन बेला अय्यूबले भने, "म जान्दछु भनी मैले सोचेको थिएँ,

म बोलेँ, परमेश्वरको बुद्धि प्राप्त गर्न म चुपचाप बस्न पर्थ्यो।" तपाईं हितोपदेश, उपदेशक र अय्यूब जस्ता पुस्तकहरू पढ्नुहुन्छ, किनकि ती पुस्तकहरूले जीवनका केही महत्त्वपूर्ण र कठिन विषयहरूलाई परमेश्वरले कसरी हेर्नुहुन्छ भन्ने बारे हामीलाई गहिरो ज्ञान दिन्छन्। त्यसपछि तपाईं अर्को साहित्यिक शैलीतिर बढ्नुहुन्छ, जसलाई अगमवक्ताहरूको पुस्तक भनिन्छ।

यी विशेष गरी पुरानो करारका पुस्तकहरू हुन् जहाँ अगमवक्ताहरू इस्राएली जातिसँग बोलेका हामी पाउँछौं।

बाइबलको पुरानो करार खण्डमा अगमवक्ताहरूका यी पुस्तकहरूको सूची लामो छ। ती पुस्तकहरू आत्मिक र नैतिक प्रकारका छन्। ती पुस्तकहरूले वास्तविक जीवनको वर्णन गर्छन्। अगमवक्ताहरू जोखना हेर्ने व्यक्तिहरू होइनन्। तिनीहरूले भविष्य बताउने काम मात्र गरेनन्।

पुरानो करारका प्रायः अगमवक्ताहरूले जे–जे लेखे ती पहिलेबाटै व्यवस्थाको पुस्तकमा छन्। यी पुस्तकहरूमा ती कुराहरू भएका छन्। जस्तै, इस्राएलीहरूले परमेश्वरको विरुद्ध विद्रोह गर्नेछन्। तिनीहरूले परमेश्वरको व्यवस्था भुल्नेछन्। परमेश्वरले यशैया वा यर्मिया वा सपन्याह जस्ता अगमवक्ताहरू खड़ा गर्नुभयो।

परमेश्वरले इस्राएलीहरूलाई सन्देश पठाउनुहुन्थ्यो। त्यो सन्देशले तिनीहरूलाई उहाँको करार र व्यवस्था सम्झना गराउँथ्यो। त्यसले तिनीहरूका पापको खुलासा गर्थ्यो। अगमवक्ताहरूले दण्ड आउने कुरा बताउँथे।

प्रत्येक अगमवक्ताको सन्देशले अन्त्यमा एउटा आशाको दिन्थ्यो। त्यो आशाको सन्देश त्यस बेलाका इस्राएलीहरूका निम्ति थियो। त्यो आशाको सन्देशले येशूलाई औंल्याउँथ्यो। जब तपाईं अगमवक्ताहरूका पुस्तकहरू पढ्नुहुन्छ, त्यस बेला परमेश्वर उहाँको विरुद्ध विद्रोह गर्ने मानिसहरूसँग बोल्नुहुँदा उहाँको मन र विचार कस्तो थियो भन्ने कुरा हेरिरहनुभएको हुन्छ।

तपाईंले यो चक्र बुझिरहनुभएको हुन्छ।

तपाईंले आशाको वचन पाउनुहुन्छ।

अगमवक्ताहरूका पुस्तकहरूले हामीलाई परमेश्वरको चरित्र (गुण) र स्वभावको विषयमा ज्ञान दिनका निम्ति धेरै उपयोगी छन्। जब तपाईं नयाँ करारतिर बढ्नुहुन्छ त्यसमा पाइने एउटा साहित्य शैली सुसमाचारका पुस्तकहरू हुन्। यसलाई म विशेष घटनाहरू चुनेर लेखिएको जीवनीको पुस्तक भन्दछु। यो येशूको विषयमा छ। तर सुसमाचारका पुस्तकहरूले उहाँको जीवनको प्रायः ४० दिनको बारेमा मात्र बताउँछन्, र उहाँ प्रायः ३३ वर्षको उमेरमा मर्नुभयो। यी पुस्तकहरूमा चुनेर लेखिएका घटनाहरू छन् अनि प्रत्येक सुसमाचारको पुस्तकले हामीलाई येशूको बारेमा फरक–फरक दृष्टिकोणहरू प्रदान गर्छन्।

मत्तीको पुस्तकले येशूलाई एक राजाको रूपमा प्रस्तुत गर्दछ। मर्कूसले येशूलाई एक दास (सेवक) को रूपमा प्रस्तुत गर्दछ। लूकाले येशूलाई दैनिक जीवनका लागि प्रस्तुत गर्छन्।

यूहन्नाले येशूले गर्नुभएका कार्यहरू भन्दा बढ़ी उहाँ भित्रिय रूपमा कस्तो हुनुहुन्थ्यो भन्ने कुरा दर्शाउँछन्। सुसमाचारका पुस्तकहरू पढ्नुहुँदा ती पुस्तकहरूलाई एकअर्कोसित दँजाउनु धेरै राम्रो हुन्छ।

ती विभिन्न सुसमाचारहरूले कसरी हामीलाई विभिन्न दृष्टिकोण दिन्छन्? जब तपाईं ती दँजाउनुहुन्छ तब सम्पूर्ण तस्बीर प्राप्त गर्नुहुनेछ। यदि तपाईं मर्कूसको सुसमाचारको कुनै कथा (घटना) पढ्दैहुनुहुन्छ भने त्यो कथा वा घटना लूका वा यूहन्ना वा मत्तीको पुस्तकमा कसरी बताइएको छ सो हेर्नुहोस्। त्यसो गर्दा तपाईं सम्पूर्ण कुरा बुझ्नुहुनेछ, जसले येशूको बारेमा जानकारी (ज्ञान) दिंदछ। सुसमाचारका पुस्तकहरू सबै येशूको विषयमा छन्, उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुभयो भन्ने कुरा बताउँछन्। यसमा उहाँले दिनुभएको नैतिक शिक्षा मात्र छैन, बरु परमेश्वरको राज्य पृथ्वीमा आएको विषयमा यसले बताउँछ। सुसमाचारको पुस्तकहरूमा येशूले धेरैवटा दृष्टान्तहरू भन्नुभएको छ। ती दृष्टान्तहरू पनि विशेष साहित्यिक शैलीका छन्। महत्त्वपूर्ण कुरा, यी दृष्टान्तहरू येशूले काम गर्न आह्वान गर्नुभएको रूपमा व्याख्या गरिन्छ। हामी ख्रीष्टियनहरूको रूपमा कसरी जिउनुपर्छ भन्ने कुरा जानौं भन्ने उहाँ चाहनुहुन्छ।

जब तपाईं दृष्टान्त पढ्नुहुन्छ, त्यसमा के महत्त्वपूर्ण छ।

तपाईं प्रत्येक दृष्टान्तलाई कुनै प्रकारको चिन्हसँग तुलना नगर्ने निश्चित गर्नुहोस्।

असल सामरीको दृष्टान्तमा एउटा सत्यता खोज्नुहोस्।

येशूले कुन एउटा सत्यता बताउँदैहुनुहुन्छ? कहिलेकहीं यदि तपाईंले दृष्टान्तको प्रत्येक भागलाई कुनै त्यस्तै महत्त्वपूर्ण कुरासँग तुलना गर्ने कोसिस गर्नुभयो भने तपाईं अलमल्ल पर्नुहुनेछ। वास्तवमा, तपाईं अहिले एउटा मात्र सत्यता प्रयोगमा ल्याउन सक्नुहुन्छ। दृष्टान्तहरूको उद्देश्य हामीलाई काम गर्ने आह्वान गर्नु हो। हामी एउटा सत्यता खोज्छौं, अनि हामी सधैं यो प्रश्नको जवाफ दिन्छौं, "म यस दृष्टान्तअनुसार मेरो जीवनमा कुन कुरा भिन्न तरिकाले गर्न सक्छु?"

त्यसपछि तपाईं प्रेरितहरूका पत्रहरूमा आउनुहुन्छ।

यदि हामी इमानदार छौं भने हामीमध्ये धेरैले पत्रहरूमा आफ्नो अधिक समय बिताउँछौं, ती पत्रहरूलाई बुझ्ने कोसिस गर्दछौं, किनकि कुनै प्रकारले ती पत्रहरू सेवकाईमा हाम्रो जीवन र ख्रीष्टियनहरूको रूपमा हाम्रो नेतृत्वसँग मिल्दाजुल्दा र लागू गर्न सकिने किसिमका छन्।

महत्त्वपूर्ण कुरा, नयाँ करारका पत्रहरू पढ्दा ती पत्रहरू किन लेखिएका थिए भन्ने कुरा तपाईं बुझ्नुहुन्छ।

त्यस बेला के भइरहेको थियो जसको कारण पावलले यो पत्र लेख्न पऱ्यो? तपाईंले यसको सन्दर्भ (परिस्थिति) बुझ्नुपर्छ, त्यसद्वारा तपाईं त्यो पत्र लेखिनुको उद्देश्य बुझ्नुहुनेछ। यो कुरा पत्ता लाउनु गाह्रो छैन। ती किन लेखिए र त्यो पत्रलाई कसरी बुझ्नुपर्छ अनि त्यसले कसरी काम गर्नुपर्छ भन्ने सुराकहरू प्रायः त्यो पत्रमा नै पाइन्छ। उदाहरणका निम्ति, कलस्सीको पत्रमा तपाईं यो नयाँ, जोशपूर्ण मण्डली पाउनुहुन्छ, तर तिनीहरू सबै नयाँ विश्वासीहरू हुन्, साथै के भइरहेको छ भन्ने कुरा तिनीहरू राम्ररी बुझ्दैनन्, यसैकारण पावलले एक साँचो ख्रीष्टियन हुनु भनेको के हो भनी बुझाउन पावलले तिनीहरूलाई यो पत्र लेखे। प्रत्येक पत्रको पछाड़ि एउटा उद्देश्य हुन्छ। तपाईंले एक जासुस जस्तो भएर नयाँ करारका पत्रहरू पढ्नु धेरै राम्रो हुन्छ।

धर्मशास्त्र बाइबलका प्रश्नहरू गर्नुहोस्।

तिनले कसको बारेमा कुरा गर्दैछन्?

तिनले किन यो कुरा भन्दैछन्? कुन शब्दहरू प्रयोग गरिँदैछ? जब तपाईं धर्मशास्त्रका प्रश्नहरू गर्नुहुन्छ तब त्यसले तपाईंलाई गहिरो ज्ञान दिन्छ। गलातीको पत्रमा पावलले भने, "मैले विरोध गरेँ।" तिनले कसको बारेमा कुरा गरेका हुन्?

कहिलेकहीं त्यो पत्रले स्पष्ट कुरा बताउँदैन र यदि हामीले प्रश्नहरू गऱ्यौँ भने हामी कुरा बुझ्न सक्नेछौँ। पावलले त्यो कुराको वर्णन गर्न किन यी शब्दहरू प्रयोग गर्छन्?

गलातीको पत्रमा पावलले यसो भन्दा यो प्रतिबद्धता गर्दछन्, "मैले पत्रुसलाई तिनको मुखैमा तिनी एक पाखण्डी हुन् भनेँ।" त्यसो गर्नु किन महत्त्वपूर्ण थियो।

त्यो पत्रमा जे भइरहेको थियो त्यसका निम्ति त्यसो गर्नु किन आवश्यक थियो? हामी यस प्रकारका जानकारीहरू पाउँदछौँ। जासुसजस्तो हुने अभ्यास गर्न सिक्नुहोस्, तर सबै प्रश्नको उत्तर पाइन्छ भनी आशा नगर्नुहोस्। येशू स्वर्गारोहण हुनुहुँदा आफ्ना चेलाहरूलाई भन्नुभयो, "म पवित्र आत्मालाई तिमीहरूकहाँ पठाउनेछु, जसले तिमीहरूलाई मैले सिकेका सबै कुरा स्मरण गराउनुहुनेछ।" यसरी त्यहाँ एक जिउँदो गतिविधि हुन्छ। जब हामी बाइबल खोल्छौँ र भिन्नै प्रकारको साहित्यिक शैली पढ़िरहेका हुन्छौँ, हामी ती बुझ्न सक्छौँ। कवितालाई म भावनात्मक रूपमा हेर्दछु। व्यवस्थालाई म सांस्कृतिक वा परासांस्कृतिक रूपमा हेर्दछु। म त्यो वचनको उद्देश्य के हो भनी खोज्दछु। म प्रश्नहरू गरिरहेको हुन्छु। पवित्र आत्माले हामीलाई ती वचन बुझ्न सहायता गर्नुहुन्छ अनि अरू सहयोगी अध्ययन सामग्रीहरूले पनि हामी ती बुझ्न सहायता गर्छन्। ती सबै असल हुन् तर हामी त्यसै गर्छौं। त्यो परमेश्वरको वचन भएकोले हामी सबै कुरा पूर्ण रूपमा कहिल्यै पनि बुझ्न सक्दैनौँ।

तपाईंले जति नै वर्ष परमेश्वरको वचन अध्ययन गरे पनि तपाईंले जान्नुपर्ने कुरा अझै अरू पनि हुन्छन्। अब अन्तिम साहित्यिक शैलीबारे हेरौँ, जुन साँच्चै अनौठो छ, त्यो नयाँ करारको पत्रको प्रकाश, अर्थात् प्रकाशको पुस्तक हो, यो नयाँ करारको अन्तिम पुस्तक हो, यसलाई पुरानो करारको दानिएल, इजकिएलका पुस्तकमा पाइने शैलीको साहित्य पनि भन्ने गरिन्छ, किनकि यसले प्रायः भविष्यमा हुने कुराहरूबारे बताउँदछ।

यी व्यक्तिहरूसँग दर्शन हुन्थे।

तिनीहरूले त्यो दर्शन पूर्ण रूपमा बुझ्न सक्दैनथे।

तिनीहरूले त्यो दर्शन लेख्थे, त्यसतो वर्णन गर्ने कोसिस गर्थे। तिनीहरू आफूले देखेका दर्शनको वर्णन गर्न विशेष भाषा र प्रतीक (चिन्ह) हरू प्रयोग गर्थे।

जब तपाईं प्रकाशको पुस्तक पढ्नुहुन्छ, त्यो पढ्नुहोस्, तिनीहरूले के देखे, त्यो कसरी लेखे त्यसको जानकारी प्राप्त गर्नुहोस्, र त्यसको अर्थ प्राप्त गर्नुहोस्। महत्त्वपूर्ण कुरा, तिनीहरूले त्यो तस्बीरको विवरण लेख्दा तपाईंले तिनीहरूका प्राचीन संसारको सन्दर्भ प्रयोग गर्नुपर्छ।

त्यसलाई जटिल (कठिन) नबनाउनुहोस्।

त्यसको वर्णन गर्दा पनि सविस्तार वर्णन नगर्नुहोस्।

परमेश्वरले यो व्यक्तिद्वारा एउटा तस्बीर कोर्दै हुनुहुन्छ र हामीले त्यो तस्बीरलाई पूर्ण रूपमा बुझ्नुपर्छ भनी जान्नुहोस्। जब तपाईं एउटा तस्बीरलाई हेर्नुहुन्छ, तब त्यो तस्बीर पूरै देख्नका निम्ति आफ्नो कदम पछि सार्नुहुन्छ, अनि चित्रकारले त्यसमा के देखाउने कोसिस गर्दैछन् सो बुझ्नुहुन्छ। प्रकाशको पुस्तक पनि त्यस्तै प्रकारको छ।

परमेश्वरले एउटा चित्र कोर्दैहुनुहुन्छ। तपाईं त्यसको पूर्ण जानकारी पाउनुहुन्न, तर यूहन्ना जे देखेर लेखिरहेका छन् त्यसमा उहाँले कोर्नुभएको चित्रलाई हामीले बुझ्न सकौँ भन्ने परमेश्वर चाहनुहुन्छ। हामीले ती दर्शनहरू बुझ्ने कोसिस गर्दा, यो एक तस्बीरमा केन्द्रित भाषा र चिन्हसहितको तस्बीर हो भनी बुझ्ने कोसिस गर्दा यसले हामीलाई सहायता गर्दछ।

सुनका सड़कहरूको वर्णन छ, स्वर्गमा साँच्चै सुनका सड़कहरू नहुन सक्छन्। यो हामीले परमेश्वरको साथमा बिताउने अन्तिम अनन्त युगको चरित्र र प्रकृतिको वर्णन हो।

परमेश्वरले आफ्नो ज्ञानमा विभिन्न साहित्यिक शैली भएका ६६ वटा पुस्तकलाई एउटै कथा बनाएर एउटै पुस्तक बनाउनुभयो। तपाईंले के पढ़दैहुनुहुन्छ त्यो मात्र थाहा पाउनुपर्छ। मैले कविता पढ़दैछु भनी जान्नुपर्छ।

मैले पुरानो करारका कथाहरू पढ़दैछु। मैले व्यवस्था पढ़दैछु। मैले नयाँ करारका पत्रहरू पढ़दैछु भनी जान्नुपर्छ।

जब तपाईंलाई त्यो साहित्यको कुन शैली हो भन्ने थाहा हुन्छ, तब तपाईंलाई अगुवाइ गर्न सहायता पाउनका लागि पवित्र आत्माका निम्ति आफ्नो हृदय र मन खोल्नुहुन्छ। यसरी त्यो कसरी पढ्नुपर्छ, कसरी बुझ्नुपर्छ, कसरी व्याख्या गर्नुपर्छ र आखिरमा कसरी त्यो जान्नुपर्छ सो स्पष्ट बुझ्नुहुन्छ। जब तपाईं त्यसो गर्नुहुन्छ, तब अझ ठूलो र गहिरो प्रकाश प्राप्त गर्नुहुन्छ।

तपाईंलाई मेरो अन्तिम सुझाउ यो छ कि तपाईं निराश नहुनुहोस्।

हामी धर्मशास्त्र बाइबलका सबै कुरा बुझ्न सक्दैनौँ भनी परमेश्वर जान्नुहुन्छ।

हामी त्यसलाई सीमित रूपले हेर्दछौं भनी उहाँ जान्नुहुन्छ। कहिलेकहीं म सोच्छु, हामीले वचनको ज्ञानसहित उहाँमाथि विश्वास गर्न सकौं भनेर उहाँले जानाजानी त्यसो गर्नुभएको हो।

हताश नहुनुहोस्। वचनको वचनको गहिराइमा र विभिन्न साहित्यिक शैलीहरूमा पस्न उत्साहित हुनुहोस्, जसले तपाईंलाई उहाँको वचन बुझ्न र अप्नाउन र त्यो अरूलाई बताउन सुसज्जित (तयार) पार्नेछ।